
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ५ गते शनिबार ❑ 17 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी सरकार स्थापना दिवसमा संघीयता बलियो बनाउनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

गण्डकी प्रदेशले आफ्नो स्थापनाको छैटौं बर्ष पुरा गरी सातौं बर्ष प्रबेश गरेको अवसरमा शुक्रबार प्रदेशको राजधानी पोखरामा प्रभात फेरी सहितको विभिन्न कार्यक्रम गरी मनाएको छ । शुक्रबार बिहान पोखराको शहिद पार्कबाट सुरु भएको प्रभात फेरी वाईचोक, रत्नचोक हुदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर समारोहमा परिणत भएको थियो।



कार्यक्कमका प्रमुख अतिथीको रुपमा पूर्व उद्घोष गरिएको गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङको स्वास्थ्यमा समस्या आए पछि उक्त कार्यक्कममा सहभागि हुन सक्नु भएन् । उहाँलाई जुम अनलाइनबाट शुभकामना दिने तयारी गरे पनि वोल्न नसक्ने अबस्थामा रहेको भन्दै उहाँ प्रति शिघ्र स्वास्थ्य लाभको कामना गरिएको थियो । मञ्चको अग्रपंतीमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशका सभामुख कृष्ण धिताल, निवर्तमान मुख्यमन्त्री एवं प्रमुख प्रतिपक्ष दलका नेता खगराज अधिकारी, सस्थापक मुख्यमन्त्री एवं प्रतिनिधि सभा सदस्य पृथ्वीसुब्बा गुरुङ लगायतको सहभागिता रहेको थियो।

उक्त समारोहमा वक्ताहरुले प्रदेश सरकारलाई बलियो र संघियताको मर्म र भावना अनुसार संचालन गर्न केन्द्र सरकारले हाल विनियोजन गर्दै आएको ३ प्रतिशतको बजेटले प्रदेशको आर्थिक विकास उन्नती हुन नसक्ने दावी गर्नु भएको छ । प्रदेश सरकारलाई बलियो र आत्मनिर्भर बनाउन संघिय सरकारले समयमै बनाउनु पर्ने ऐन कानूनहरु समेत बनाउन ढिलाई भएकोले प्रदेशले चाहेर पनि कति पय योजनाहरु अघि बढाउन नसकेको वक्ताको भनाई थियो। सभामुख कृष्ण धितालले प्रदेशको मर्म र भावना अनुसार सबै मन्त्रालय र कर्मचारीहरुले प्रदेशको पहिचानको लागि कटिवद्ध भयर काम गर्न आग्रह गर्नु भयो।

प्रदेशका संस्थापक मुख्यमन्त्री एवं प्रतिनिधि सभा सदस्य (सांसद) पृथ्वीसुब्बा गुरूङले प्रदेश सरकारले आफ्नो सामर्थ्य र शासकिय स्वरूप परिवर्तन गर्न सक्नु पर्नेमा जोड दिदै जनताले अपेक्षाकृत काम गर्न नसक्दा आलोचना खेप्नु परेको बताउनु भयो । संसदमा प्रतिपक्षको भूमिका हुनु पर्ने जोड दिदै प्रदेशको विकासको लागि जनताको विकास निर्माणमा मुखरीत हुने गरी काम गर्नु पर्ने उहाँको भनाई थियो।

देशमा नेपालमा संघियता बचाउने हो भने पहिला प्रदेश सरकार बलियो बनाउनु पर्ने उहाँको भनाई थियो । प्रदेश सरकारमा प्रश्न उठ्नु भनेको संघियता माथि चुनौती थपिनु भएको दाबी गर्दै सांसद गुरुङले प्रदेश सरकारले आफ्नो भूमिका देखिने गरी काम गर्न सुझाव दिनु भयो। गण्डकीको पर्यटन क्षेत्रको विकासमा भिन्न ढंगले काम गर्नुपर्ने बताउदै सांसद गुरुङले होमस्टे प्रबर्द्धनको अभियान आफ्नो पालामा सुरू गरेको दाबी गर्नु भयो। सिटि भिटिले राम्रोसँग काम नगरी भ्रष्टाचार गरेकोले गण्डकी विश्वबिद्यालय स्थापना गरिएको उहाँको भनाई थियो।

विना अध्ययन गरि स्कुल र अस्पताल खोलेले पहिलाको संघिय सरकारले अर्बौं लगानी डुवेको आरोप लगाउनु भयो।

निवर्तमान मुख्यमन्त्री एवं प्रमुख प्रतिपक्ष दलका नेता खगराज अधिकारीले प्रदेश र स्थानीय तहलाई अधिकार केन्द्र सरकारले दिन नखोजेको गुनासो गर्नु भयो। प्रदेश सरकारहरु स्वयत्त नहुँदा केही संस्था अपांगता जस्तो भएको नेता अधिकारको भनाई थियो। अदालको अव्यावहारिक निर्णयले प्रदेशको प्रभावकारीतामा चुनौती खडा भएको उहाँले बताउनु भयो। केन्द्र सरकारको समयमै नियमनको अभावमा सहकारीमा समस्या भएको नेता अधिकारीको दाबी छ । देशमा ३२ हजार सहकारी मध्य १ सय सहकारीमा समस्या भएको जसले गर्दा समग्र सहकारीलाई प्रभावित पार्ने काम भएको उहाँको भनाई थियो । प्लस टु पढ्न नपाउदै विदेश जाने संस्कारलाई राज्यले अब रोक्नु पर्ने नेता अधिकारीको भनाई छ । ३ प्रतिशत बजेटले प्रदेश सरकारको कसरी विकास हुन सक्छ भन्दै प्रश्न गर्दै उहाँले २५ प्रतिशत बजेटको ब्यावस्था गर्न माग गर्नु भयो। पूर्व मन्त्री समेत हुनु भएको अधिकारीले केन्द्रमा करिब १५ विभागहरू आवश्यक भएको भनाई थियो । जिल्ला


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोउवा संघमा बंगलादेशी राजदूतावासका प्रथम सचिव मोहम्मद हुमायन कविर

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



नेपालस्थित बंगलादेशी राजदूतावासका प्रथम सचिव मोहम्मद हुमायन कविरले हवाइ रुटमा सहजीकरण भए ढाका-पोखरा सोझो उडान सम्भव भएको बताएका छन्।

अहिले पनि हाम्रो (बंगलादेशी विमान) काठमाडौं-ढाका दुईवटा उडान भइरहेको छ, एउटा उडान यहाँबाट नहुने भन्ने छैन, उनले भने, 'तर वातावरण सहज हुनुपर्‍यो।' शुक्रबार पोखरा उद्योग वाणिज्य संघमा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै प्रथम सचिव मोहम्मद हुमायन कविरले बंगलादेशबाट नेपाल घुम्न आउने पर्यटकको संख्या बढ्दै गएको र आगमी दिनमा अझ बढ्ने पनि बताए । उनले पाल र बंगालदेशबीचको पुरानो सम्बन्धको चर्चा गर्दै व्यापार तथा अन्य द्धिपक्षीय हितका विषयमा सहकार्य गर्न तयार रहेको बताए। नेपालको विद्युत उत्पादनसहितका क्षेत्रमा बंगलादेशले लगानी गरेको बताउँदै उनले विदेशी लगानीको लागि सजिलो वातावरण हुनुपर्नेमा जोड दिए। 'बंगलादेशमा विदेशी लगानी प्रोत्साहित गर्न विशेष सहुलियत दिइएको छ र हाम्रोमा लगानी बढेको छ,'उनले थपे । पोखरा उद्योग वाणिज्य संघसँग सहकार्य गर्दै उद्यमशीलता वृद्धिमा सघाउने उनको प्रतिवद्धता थियो।

कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले युरोपहुँदै नेपाल आउने स्थलमार्ग (हिप्पी ट्रेल) ले नेपाल र बंगलादेशको पर्यटन उद्योगलाई जोडेको बताउँदै पछिल्लो समय भएको बंगलादेशीको नेपाल भ्रमण सकारात्मक पक्ष भएको बताए। उनले नेपालबाट निर्यात हुने चिया,अदुवा,अलैंचीजस्ता बस्तुको आयात बढाउन थप सुविधा र सहजीकरणको माग पनि गरे। 'नेपालमा उत्पादित जडिबुटी अर्को निर्यातयोग्य बस्तु हो भन्ने हामीलाई लागेको छ,'उनले भने,'नेपाल र बंगालादेशबीच भएको विद्युत व्यापार सम्झौताको प्रभावकारी कार्यान्वयन होस् भन्ने हामी चाहन्छौं।' पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखराको पर्यटन प्रवर्द्धनको लागि बंगलादेशमा प्रवर्द्धनात्मक कार्यक्रम गर्न आफूहरुले तयारी थालेको बताए । यस्तै पोखरा-ढाका सिधा हवाइ उडानको व्यवस्थाको लागि पनि उनले आग्रह गरे । पोखरा उद्योग वाणिज्य संघका महासचिव बलराम आचार्यको संचालन तथा कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलाको धन्यवाद ज्ञापन रहेको कार्यक्रममा संघका कार्यसमिति सदस्य देवन्सन प्रजु, अर्का कार्यसमिति सदस्य एवं युवा उद्यमी मञ्च पोखराका अध्यक्ष निरन केसीलगायतले द्धिपक्षीय व्यापारलगायतका विषयमा आफ्ना धारणा राखेका थिए।

## विश्वविद्यालयको शिक्षा युवा पलायन रोक्ने हुनुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वविद्यालयले दिने शिक्षा बढ्दो युवा विदेश पलायनलाई रोक्ने हुनुपर्ने बताउनुभएको छ।

गण्डकी विश्वविद्यालयको चौथो वार्षिकोत्सवको आज पोखरा महानगरपालिका-३२ मालमुलस्थित विश्वविद्यालयको मुख्य भवन परिसरमा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले देशको जनशक्ति विदेश पलायन हुने क्रम बढिरहेको बताउनुभयो । विश्वविद्यालयले विद्यार्थीको विश्वास जित्न नसकेको उहाँको भनाइ थियो। शिक्षा क्षेत्रमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सफल पोखरा म्याराथन प्रतियोगितामा शनिबार बिहान हजारौं धावक दौडने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

पोखरामा शनिबार हुने १८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिता २०८० मा हजारौं धावकहरु दौडनु हुने भएको छ।

उक्त प्रतियोगितामा शनिबार ठिक बिहान ७:०० पोखरा रंगशालाबाट १४ देशका धावकहरू हजारौंको सङ्ख्यामा पोखरामा दौडने तयारी भएको आयोजक नेपाल भुतपुर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले बताउनु भयो।

प्रतियोगितामा नेपाल बाहेक अमेरीका, वेलायत, भारत, चिन, केन्या, जर्मन, पोल्याण्ड सहितका १३ देशका ३१ जना धावकहरू सहभागी हुने भएको मञ्चले जनाएको छ। म्याराथन सहित ७ बिधामा करिब २ हजार जना दौडने भए पनि रन फर रनमा सहित गर्दा ९ हजार जना शनिवार पोखरामा दौडने भएको मञ्चले दाबी गरेको छ। म्यारथन तर्फ १०८ जना, हाप म्याराथनमा १७ जना महिला धावक सहभागी हुँदै हुनुहुन्छ भने ५ किलोमिटर छात्र तर्फ ९ सय ९०, छात्रा तर्फ ४ सय ८६ जना सहभागी हुँदै हुनुहुन्छ। १० किलोमिटर दौडमा पुरुष तर्फ १ सय २९ जना महिला तर्फ भने २९ जना, त्यसै गरी भट्रान्स महिला तर्फ १० र पुरुष तर्फ १९ जना सहभागि हुने र रन फर रनमा ७/८ हजार जना सहभागी हुने मञ्चले जनाएको छ।

अध्यक्ष पराजुलीले यस बर्ष म्याराथनको रूट परिवर्तन गरि पोखराको कोर सिटि १७ र फेवाताल सहित माछापुच्छ्रेको प्रतिविम्बमा २५ किलोमिटर दौडको रूट निर्धारण गरिएको बताउनु भयो। पोखरा रंगशालाबाट सुरू भई कदममार्ग, रानीपौवा,फुलवारी, पृथ्वीनारायण क्याम्पस गेट, सिमपानी, विन्ध्यवासिनी मन्दिर, हल्लनचोक, खपौदी,पामे, ठुलाखेत , घाँटी छिना हुँदै पुनः लेकसाईडको हल्लनचोकमा आयर टुंगिने भएको छ । उक्त प्रतियोगिताको विजेतालाई ५ लाख, उपविजेतालाई ३ लाख, तेश्रोलाइ २ लाख र सान्त्वनाले चौथोले ३० हजार प्राप्त गर्ने छन। सुजल डेरीको मुख्य प्रायोजनामा हुने पोखरा म्याराथनलाई गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, राष्ट्रिय खेलकुद परिषद, पोखरा महानगर पालिकाले मुख्य रुपमा सहयोग गर्दै आइरहेका छन् । उक्त प्रतियोगिताको प्रवर्द्धकको रुपमा नेपाल पर्यटन बोर्ड रहेको छ । उक्त प्रतियोगिताका विजेताहरुलाई पुरस्कार मात्र १८ लाख १६ हजार खर्च हुने भएको मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले बताउनु भयो। अपाङगता भएकाहरूको ह्विलचियर र दृष्टिबिहिन दौड सम्पन्न भएको छ। खुला म्याराथन तर्फ गण्डकी प्रदेशका धावकहरूलाई प्रोत्सहान गर्न विजेतालाई ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिने भएको छ। महिला हाप म्याराथन बिजेताले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुने धाविकाले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुहुने भएको छ । १० किलोमिटर सडक दौड महिला तथा पुरुषले समान ३०, २०, १५ हजार नगद पुरस्कार प्राप्त गर्नु हुने भएको छ । ५ किलोमिटर छात्र/छात्रा दौडमा बिजेतालाई समान १५/१५ हजार, उपविजेताले समान १०/१० हजार र तेस्रो हुनेले समान ७/७ हजार प्राप्त गर्दै हुनु हुन्छ । प्रतियोगिता सम्पन्न गर्न १ करोड खर्च लाग्ने अनुमान गरिएको कोषाध्यक्ष महेश पौडेलले बताउनु भयो।

## आर्थिक समृद्धिका लागि दलीय सहकार्यमा एमाले अध्यक्षको जोड

**रासस**
काठमाडौं, ४ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले 'समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न राजनीतिक दलहरूबीच सहकार्य जरुरी भएको बताउनुभएको छ।

विश्व सामाजिक मञ्चको १६ औं सम्मेलनका सन्दर्भमा नेपाल बुद्धिजीवी परिषद्ले आयोजना गरेको 'समाजवादको भावी दिशा' विषयमा शुक्रबार यहाँ आयोजना गरेको छलफलमा अध्यक्ष ओलीले आफूहरू कुनै दर्शन र विचारधारा आधारित भन्दा पनि मुलुकको राष्ट्रिय हित र नेपाली जनताका पक्षमा काम गर्न दलीय सहकार्य आवश्यक भएको बताउनुभयो । उहाँले परस्परिक हित, लाभ र सामाजिक न्यायसहितको परराष्ट्र नीतिप्रति आफ्नो पार्टीको दृढ समर्थन रहेको बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सचिव सुरेन्द्र कार्कीले समाजवादी आन्दोलनलाई निष्कर्षमा पुर्‍याउन यसका पक्षधर एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले देशको समृद्धिलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका नेता मीनेन्द्र रिजालले देशको अर्थतन्त्रलाई गतिशील बनाउन पूँजीगत खर्च बढाउनुपर्ने सुझाव दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विरेन स्मृति बिटी कपमा पहिलो चरणका खेल सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा पहिलो चरणका खेल सकिएका छन् ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आज (शुक्रबार) भएको पहिलो खेलमा मालेपाटन युथ क्लबले मसिना बगरलाई २-१ गोलको अन्तरले पराजित गर्यो ।

यस्तै दोसो खेलमा म्याक्सवेल पोखराले चाउँथे एफसीलाई ४-२ गोल अन्तरले पराजित गर्दै म्याक्सवेल अघिल्लो चरणमा प्रवेश गर्यो । तेस्रो खेलमा एट टु नाइनले मेरो नेपाललाई १-० गोल अन्तरले हराउँदै मडला दोस्रो चरणमा प्रवेश गर्यो । यस्तै चौथो खेलमा तारा एफसीले पसगाउँ एफसीलाई ४-० गोल अन्तरले पाखा लगायो । भिमकाली टिम 'बि' र एपेक्स क्लब काँडेबीच भएको पाँचौ खेल गोलरहित निर्धारित समय सकिएपछि टाइब्रेकरमा एपेक्सले भीमकालीलाई ५-४ गोल अन्तरले पराजित गर्यो । छैटौं खेलमा नमस्ते ब्रदर्शले डक्टरर्स टिमलाई ५-० गोलको फराकिलो अन्तरले नमस्ते ब्रदर्श विजयी बन्यो । क्लबका अनध्यक्ष असिम थापाका अनुसार आज २ वटा दोस्रो चरणका खेल सम्पन्न भएको छ । उनका अनुसार दोस्रो चरणको पहिलो खेलबाट मेनीमोरले भदौरे क्लब टिम 'ए'लाई ३-० गोल अन्तरले पराजित गर्दै मेनीमोर प्रिक्वाटरफाइनलमा प्रवेश गर्यो । नदीपुर युनाइटेड र शुक्लागंगा क्लब हेमजाबीच भएको खेल १-१ गोलको बराबरीमा निर्धारित समया सकिएपछि टाइब्रेकरमा ३-२ गोल अन्तरले पराजित गर्दै नदीपुर प्रिक्वाटरफाइनलमा स्थान बनायो । अध्यक्ष थापाले शनिबार पनि दोस्रो चरणकै ८ खेल सञ्चालन हुने जानकारी दिए । दोस्रो चरणको खेलबाट विजयी टिम प्रिक्वाटरफाइनलमा प्रवेश गर्नेछन् । सो प्रतियोगितामा कुल ५६ टिमको सहभागिता रहेको छ । उनका अनुसार कुल ५६ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ ।

यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८/८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ ।

# वडा अध्यक्ष कप फुटवल प्रतियोगिता जारी, शनिबार सेमिफाइनलका खेलहरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



पोखराको ड्याम साइड क्लवको आयोजनामा पोखरामा जारी अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० अर्न्तगत शनिबार देखि सेमिफाइनलका खेलहरु हुने भएका छन् । शुक्रबार पोखरा ड्याम साइड स्थित गण्डकी प्रदेश प्रहरी गणको खेल मैदानमा ४ वटा क्वाटरफाइनलका खेलहरु सम्पन्न भएसंगै शनिबार सेमिफाइनलका खेलहरु हुने भएको क्लवले जनाएको छ ।

शनिबार फिस्टेल एकेडेमी बिरुद्ध शान्ति निकुञ्ज स्कुल बिच पहिलो खेल हुने भएको छ भने अर्को खेलमा गत बर्षको विजेता छोरेपाटन मावि र बालोदय बोर्डिङ स्कुल बिच खेल हुने भएको क्लवका पूर्वअध्यक्ष पदम ढकालले बताउनु भयो । शुक्रबार भएको पहिलो क्वाटरफाइनल खेलमा शान्ति निकुन्जले ढुंगे साँघु स्कुललाई १-० को गोल अन्तरले पराजित गरेको हो । शान्ति निकुन्जको जितमा सोहन गुरुङले एक गोलको योगदान दिए । खेलमा शान्ति निकुन्जका आसिक गुरुङ म्यान अफ दी म्याच घोषित भए । अर्को खेलमा फिष्टेल एकेडेमीले सहज जित दर्ता गर्यो । शिशु कल्याण स्कुल प्रतियोगितामा सहभागि हुन नआए पछि फिष्टेलले सहज जित हात पारेको हो । अर्को खेलमा छोरेपाटन माविले पार्दी माविलाई ३-० को गोल अन्तरले पराजित गर्दै सेमिफाइलमा यात्रा पक्का गरेको हो । छोरेपाटनका भिम बहादुर जर्गाले २ , म्यान अफ दी म्याच घोषित दुर्गा बहादुर दर्जीले १ गोल गरे । शुक्रबारको अन्तिम खेलमा बालोदयले एल.पी.देवकोटालाई १-० को गोल अन्तरले पराजित गरेको हो । बालोदयको जितमा अंशुमान बस्नेतले एक गोल गरे । खेलमा उनी म्यान अफ दी म्याच घोषित भए । यसैबिच, यही फागुन ६ गतेसम्म प्रतियोगिता संचालन हुने भएको छ । पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा उक्त प्रतियोगिता भएको हो । प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको महासचिव राकेश श्रेष्ठले बताए । फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको क्लवका बरिष्ठ उपाध्यक्ष रमेश प्रसाद बरालले बताए ।

# दोस्रो हिसान गण्डकी प्रेदश स्तरीय फुटसल प्रतियोगिताका शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन



उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा पोखरामा दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा युनिभर्सिटी लेवल फुटसल प्रतियोगिता शुरु भएको छ । प्रतियोगिताको उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) केन्द्रिय सल्लाहकार सूर्य बहादुर जिसिले उद्घाटन गरे ।

प्रतियोगितामा ग्लोबल कलेजियट स्कुलले पोखरा आर्दश सेकेन्डरी स्कुललाई ३-२ गोल अन्तरले हराएको छ । त्यसै गरी अर्को खेलमा प्रतिभा सेडेन्डरी स्कुलले माउण्ट अन्नपुर्ण सेकेन्डरी स्कुललाई ट्राइब्रेकरमा ३-२ गोल अन्तरले हरायो । निधारी समयमा २-२ गोल भएपछि खेल ट्राइब्रेकरमा पुगेको हो । त्यसै गरी सगरमाथा सेकेन्डरी स्कुलले न्यु ग्यालेक्सी इङलिस सेकेन्डरी स्कुललाई ट्राइब्रेकरमा ४-२ गोल अन्तरले हरायो ।

निधारीत समयमा २-२ गोल भएपछि खेल ट्राइब्रेकरमा पुगेको हो । अर्को खेलमा स्नोभ्यु इङलिस बोडिङ स्कुलले न्यु मोडल सेकेन्डरी स्कुललाई ४-३ गोल अन्तरले हरायो । शुक्रबार नै भएको अर्को खेलमा स्टेप बाई स्टेप सेकेन्डरी स्कुलले शिसुनिकेतन स्कुललाई ७-४ गोल, बालविकास इङलिस बोडिङ स्कुल नवलपुरले ग्यान बगैचा इङलिस बोडिङ स्कुल तनहुँलाई ८-१ गोल र त्रिभेनी पब्लिक सेकेन्डरी स्कुल टिम ए ले फियुचर ब्राइट बोडिङ स्कुललाई ७-१ फराकीलो गोल अन्तरले हरायो ।

प्रतियोगितामा कास्कीका १२ र अन्य जिल्लका ३ विद्यालय गरेर १५ विद्यालयले प्रतियोगिता भाग लिएको प्रतियोगिता संयोजक सन्तोष पराजुलीले जानकारी दिए । हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन् । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बराललले जानकारी दिए । प्रतियोगिताको व्यवस्थापन गरीरहेको सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष सञ्जय लिगले बताए ।

त्यसैगरी युनिभर्सिटी लेवल फुटसल प्रतियोगितामा गण्डकी प्रदेशका ८ टिमको सहभागीता जनाएकाछन्।खुल्लाकलेजस्तरीय फुटसल प्रतियोगिताका विजेताले नगद २० हजार मेडल र ट्रफि, उपविजेताले नगद १० हजार मेडल र ट्रफि प्राप्त गर्ने छन् ।

## गण्डकी ...

समन्वय समिति अनावश्यक भएकोको उहाँको भनाई थियो ।

उक्त समारोहको अध्यक्ष रहनु भएको गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेले संघिय सांसदले केन्द्रीय संसदमा प्रदेशको अधिकार र कानून बनाउन ढिलाई भएको बिषयमा आवाज उठाउनु पर्नेमा जोड दिनु भयो । प्रदेशलाई समृद्धि, आत्मनिर्भरताका लागि ईमानदारीका साथ लाग्ने बताउदै उहाँले संघिय सांसदले प्रदेश सरकारको बृद्धि विकास र टिकाउको लागि केन्द्रिय सरकारसमक्ष आजाव उठाउन आग्रह गर्नु भयो । प्रदेशका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले प्रदेश प्रविधि मैत्रि बनाउने अभियानमा आफुहरु लागेको बताउनु भयो । पोखराका मेयर धनराज आचार्यले अझै पनि प्रदेश र संघ सरकारसंग स्थानित तहको समन्वय र सहकार्य हुन नसकेको गुनासो गर्नु भयो ।

गण्डकी प्रदेशले स्थापना दिवसको अवसरमा फागुन ४ गते सार्वजनिक बिदा दिएको छ । मन्त्रिपरिषद्को निर्णय अनुसार बिदा दिएको प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले बताउनु भयो । प्रदेशभरका सबै सरकारी कार्यालय, शैक्षिक संघ संस्था तथा सार्वजनिक संस्थामा बिदा भएका छन् ।


**वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं**

◆ भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
◆ कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
◆ ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
◆ त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

*वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## विश्वविद्यालयको ...

राजनीतिकरण हुन नहुने उल्लेख गर्दै उहाँले यसका लागि सबै इमान्दार बन्नुपर्नेमा जोड दिनुभयो ।


गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले युवा पलायनसँगै घरवार, संस्कृतिका साथै पूँजी पलायन भइरहेका कारण यसबारे गम्भीर बन्नुपर्ने बताउनुभयो । गण्डकी विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट मुक्त राख्दै अनुसन्धान एवम् रोजगारमुलक शिक्षामा जोड दिनुपर्ने उहाँको भनाइ थियो। गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले विश्वविद्यालयको अभावका कारण नभइ प्रदेश एवम् देशको आवश्यकता अनुसारको शिक्षा दिने सोचका साथ गण्डकी विश्वविद्यालय स्थापना भएको स्पष्ट पार्नुभयो। गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले विश्वविद्यालयले देशका लागि आवश्यक पर्ने जनशक्ति तयार गर्ने किसिमले त्यही किसिमका पाठ्यक्रम पढाउँदै अध्ययन अनुसन्धानमा जोड दिएको बताउनुभयो । गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले मागमा आधारित प्राविधिक शिक्षा अहिलेको आवश्यकता औंल्याउनुभयो । विश्वविद्यलायका रजिष्टार डा कैलाश तिमल्सिनाको अध्यक्षतमा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री सुशिला सिम्खडा, उपकुलपति प्रा डा नवराज देवकोटा, पोखरा विश्वविद्यलायका उपकुलपति प्रा डा प्रेमनारायण अर्याल, पोखरा महानगरपालिका-३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीलगायतले व्यवहारिक एवम् रोजगारमुलक शिक्षाले नै युवा पलायन रोक्न सकिने धारणा राख्नुभयो । कार्यक्रममा विभिन्न खेलकुद प्रतियोगितामा विश्वविद्यलायका तर्फबाट विजेता विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । सो अवसरमा शिक्षासेवी जर्ज जोनलाई समेत सम्मान गरिएको थियो ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कृषि प्राविधिक शिक्षालयका विद्यार्थी 'पढ्दै, सिक्दै, कमाउँदै'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ फागुन

म्याग्दीको मालिका गाउँपालिका-७ बिमस्थित किसानी कृषि प्राविधिक शिक्षालयका विद्यार्थी अहिले च्याउखेतीमा व्यस्त छन् ।

कहिले तरकारी र फलफूलबारीमा मल बीउ राख्दै, कहिले आलुको बीउ ग्रेडिङ गर्दै, कहिले च्याउखेतीको तालिममा व्यस्त रहने यहाँका विद्यार्थीले पढाइसँगै सिकाइ र कमाइ पनि गरिरहेका छन् । कृषि प्राविधिक शिक्षालयका कृषि र पशु विज्ञानमा अध्ययनरत विद्यार्थी पढाइसँगै आफूले उत्पादन गरेका कृषिउपज, फलफूल र तरकारी बिक्री गरेर आम्दानी गर्न थालेपछि घरबाट पैसा मगाएर पढ्नुपर्ने बाध्यता हटेको बताउँछन् ।

विद्यार्थीले पढ्दै, सिक्दै र कमाउँदै गर्न थालेपछि प्राविधिक शिक्षाप्रति विद्यार्थीको आकर्षण बढेको छ । साथै स्थानीयलाई सुविधा र विद्यार्थीलाई आम्दानी दुवै प्राप्त भएको छ । विसं २०६८ मा जिल्लामा पहिलोपटक सञ्चालन भएको किसानी कृषि प्राविधिक शिक्षालयले १२ वर्षको अवधिमा पाँच सय बढी कृषि प्राविधिक उत्पादन गर्नुका साथै शिक्षालयको भौतिक पूर्वाधारमा उल्लेख्य सफलता प्राप्त गरेको छ । शिक्षालयमा कृषि विषय अध्ययनका लागि १२ जिल्लाबाट विद्यार्थी आएका छन् । कृषि अध्ययनका लागि विद्यार्थीको आकर्षण बढ्दै गएपछि शिक्षालयमा भौतिक पूर्वाधार थप गरिएको शिक्षालयका प्रधानाध्यापक जङ्गबहादुर गर्बुजाले बताउनुभयो । उहाँका अनुसार विद्यार्थीले पढाइको साथसाथै विभिन्न प्रकारका तरकारी उत्पादन गर्दै आएका छन् ।

कृषि बालीविज्ञानअन्तर्गत जेटिएदेखि आइएससी (एजी) मा अध्ययनरत विद्यार्थीले विभिन्न प्रकारका तरकारी उत्पादन, बेर्ना उत्पादन, च्याउखेती गर्दै बजारमा बिक्रीवितरण गरी आम्दानी गरिरहेका प्रधानाध्यापक गर्बुजाले बताउनुभयो । विद्यार्थीले नयाँ प्रविधि तथा आधुनिक औजारको प्रयोग गरी उत्पादन गर्दै आएका उहाँको धनाइ थियो ।

नयाँ प्रविधि तथा आधुनिक औजारको प्रयोग गरी उत्पादनलाई वृद्धि गर्दै विद्यालय र विद्यार्थीलाई आर्थिकरुपमा सबल बनाउँदै जाने योजना रहेको प्रअ गर्बुजाले जानकारी दिनुभयो । बालीविज्ञान अध्ययनरत विद्यार्थी सैद्धान्तिक ज्ञानका साथै प्रयोगात्मक सीपको विकास गरी उच्चस्तरको जनशक्ति निर्माण गर्नुका साथै विद्यार्थीलाई पढ्दै कमाउँदै गर्नका लागि विभिन्न रचनात्मक योजनाहरु निर्माण तथा कार्यान्वयन गरिरहेका उहाँको भनाइ थियो । पढाई सकेपछि आफैँ कृषिका ठूलाठूला व्यवसाय तथा फर्म स्थापना गरेर सञ्चालन गर्नसक्ने आँट आएको विद्यार्थी रमेश पुनले बताउनुभयो । सुविधासम्पन्न भवनमा सूचना र प्रविधिका अत्याधुनिक साधनको प्रयोग गरेर शिक्षा दिइँदै आइएको शिक्षालयका प्रअ गर्बुजाजानकारी दिनुभयो । विद्यार्थीलाई किसानका खेतबारी र पशुगोठमा नै लगेर प्रयोगात्मक शिक्षा दिइँदै आएको उहाँको भनाइ छ । शिक्षालयमा छात्रको तुलनामा छात्राको सङ्ख्या बढी रहेको कृषि प्राविधिक शिक्षालयले जनाएको छ । विसं २०६८ मा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी १८ महिने जेटिए, पाँच वर्षअघि (विसं २०७४ देखि) तीनवर्षे आइएस्सी (एजी) र २०७६ सालदेखि भेटेरिनरी (पशु रोगको चिकित्सा वा उपचारसम्बन्धी) शिक्षा अध्यापन हुँदै आएको छ । शिक्षालयमा अहिले सुर्खेत, जुम्ला, हुम्ला, मुगु, कैलाली, चितवन, कास्की, बागलुङ, म्याग्दीलगायत १२ जिल्लाबाट अध्ययनका लागि विद्यार्थी आएका छन् । हाल शिक्षालयमा ९० छात्रा र ५१ छात्र अध्ययनरत रहेका जनाइएको छ ।

हाल शिक्षालयमा विभिन्न जिल्लाका एक सय ४१ विद्यार्थी अध्ययनरत छन् । कृषि डिप्लोमा ५१, डिप्लोमा पशुतर्फ ६० र प्री डिप्लोमातर्फ ३० जना गरी एक सय ४१ विद्यार्थीले कृषि र पशुसम्बन्धी शिक्षा लिइरहेका छन् । मासिक रु पाँच हजारमा आवासीय सुविधासहित गुणस्तरीय शिक्षा प्राप्त गर्न पाएकाले विद्यार्थीको चाप बढ्दै गएको शिक्षालयले जनाएको छ । शिक्षालयका प्रअ गर्बुजाका अनुसार शिक्षालयले कृषि तथा पशु क्षेत्रका समुदायसँग समन्वय गरी स्थानीयस्तरमाट नै पशु चिकित्साका बारेमा ज्ञान दिने उद्देश्यसहित विभिन्न कार्यक्रम गरिरहेको छ । भौतिक पूर्वाधारले सम्पन्न किसानी शिक्षालयले पछिल्लो समय बाली र पशु विज्ञानमा राम्रो नतिजा प्राप्त गर्दै आएको स्थानीय टेकबहादुर जुग्जालीले बताउनुभयो ।

आइएस्सी (एजी) तेस्रो सेमिस्टरमा अध्ययनरत छात्रा कामना मगरले कृषिप्रधान देश भए पनि अधिकांश जग्गामा व्यावसायिकरूपमा खेती नगरिँदा बाँझिएको र आफू कृषि प्राविधिक भएपछि किसानलाई परम्परागत तरिकाले होइन, आधुनिक प्रविधिको प्रयोग गरी व्यावसायिकरूपमा खेती गर्न सिकाउने उद्देश्यले यस विषयमा आकर्षित भएको बताउनुभयो ।

# ट्र्याक्टर र मोटरसाइकल एकआपस ठोक्किँदा मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ४ फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका-१० छाब्दी देउरालीमा बिहीबार साँझ ट्र्याक्टर र मोटरसाइकल एकआपस ठोक्किँदा एकजना महिलाको मृत्यु भएको छ । छाब्दी देउराली भित्री सडक खण्डमा साँखेबाट दुलेगौडातर्फ आउँदै गरेको ग७प ६९२४ नंको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको ग१त ३९९४ नंको ट्र्याक्टर आपसमा ठक्कर खाँदा मोटरसाइकलमा सवार शुक्लागण्डकी-१ थप्रेककी ४५ वर्षीया पीपलकौरी गुरुङको घटनास्थलमा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले ट्र्याक्टर चालक र मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको जानकारी दिनुभयो

# गर्भवतीको हेलिकप्टरबाट उद्धार

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ फागुन

म्याग्दीको विकट धवलागिरि गाउँपालिका-४ मुदीबगरकी एकजना गर्भवतीको आज हेलिकोप्टरमा उद्धार गरिएको छ । गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र धवलागिरि गाउँपालिकाको समन्वयमा बगरगाउँकी तुलसा बुढाथोकीलाई उद्धार गरिएको हो । धवलागिरि गाउँपालिकाको स्वास्थ्य शाखाका सहसंयोजक अनिषा आचार्यले बिहीबार साँझ ६ बजेदेखि प्रसूति ब्यथाले लागेपछि पेटमा रहेको बच्चाको धड्कन पनि अनियमित भएकाले तत्काल 'एयरलिफ्ट' गरेर पोखरा लगिएको बताउनुभयो । "पाठेघर खुल्न विलम्ब, रक्तचाप कम हुँदै गएको र बच्चाको धड्कन अनियमित भएको हुँदा हेलिकप्टरमा पोखरा पठाएका थियौँ", उहाँले भन्नुभयो, "पोखराको गण्डकी अस्पतालमा अपराह्न बुढाथोकी सुरक्षितरूपमा सुत्केरी हुनुभएको छ ।" आमा र बच्चाको अवस्था खतरामुक्त रहेको अस्पतालका चिकित्सकलाई उद्धृत गर्दै उहाँले भन्नुभयो ।

# कालिका मन्दिरमा चढाइयो तीन सय तीन तोलाका गरगहना

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ फागुन

गण्डकी प्रदेशको प्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थल बागलुङ कालिका मन्दिरमा चढाइएको सुन तथा चाँदीका गरगहना सार्वजनिक गरिएको छ ।

बागलुङ कालिका गुठी व्यवस्थापन समितिले मन्दिरमा चढाइएका भेटी तथा गरगहना सार्वजनिक गर्दै २०७८ असोज १२ देखि हालसम्म ३० प्रकारका तीन सय तीन तोलाका विभिन्न गरगहना सङ्कलन भएको जनाएको हो । उक्त मन्दिरले मासिकरुपमा आयव्यय विवरणसमेत सार्वजनिक गर्दै आएको छ । गुठीका अध्यक्ष कुमार खड्काले मन्दिरप्रति जनताको विश्वास बढाउने र पारदर्शी हुने लक्ष्यले उक्त जिन्सी सार्वजनिक गरिएको बताउनुभयो ।

सार्वजनिक विवरणअनुसार गुठीले ३० भन्दा बढी प्रकारका गरगहना सार्वजनिक गरेकामा १७ थान सुनको तिलहरी, एक थान सुनको सिक्री, सात थान सुनको टीका, तीन थान मुन्द्रा, सुनको चन्द्रमा, सुनको फुली, प्रतिमा, सिक्का, जन्तर, नाग र तारलगायत छन् । त्यस्तै चाँदीमा तिलहरी, घोडा, औँठी, पाउजुजस्ता धेरै गहना मन्दिरमा चढाइएको थियो । विसं २०७७ अघि मन्दिरमा चढाइएका गहना जिल्लास्थित मालपोत कार्यालयमा बुझाउनु पर्थ्यो । त्यसयता दुई पटकसम्म गरगहना सार्वजनिक भइसकेको उहाँको भनाइ थियो । विसं २०७७ यताका गरगहना बैंकको लकरमा राख्दै आइएकामा सुन र चाँदीका गरगहना सार्वजनिक कार्यक्रमै एकीकृत गर्न गालिएको थियो । विसं २०७८ असोजयता सङ्कलन भएका सुन र चाँदीका गरगहनालाई गालेर तीन तोला ४५ लाल सुन र ३०० तोला ११ लाल चाँदी कायम गरेर बैंकमा दाखिला गरिएको अध्यक्ष खड्काले जानकारी दिनुभयो । "गुठी संस्थाने सङ्कलन भएका गरगहना एकीकृत गरेर राख्नु भनेपछि गालेर बैंकमा राख्न थालिएको छ, साना टुक्रा र टीकाजस्ता सुनका गरगहना राख्न असहज हुनेभएकाले गालेर एकमुष्ट राख्न थालिएको छ", उहाँले भन्नुभयो, "बैंकको लकरमा सुरक्षिता राखिँदै आइएको छ, गुठी संस्थाले उक्त सुन र चाँदीलाई के गर्ने भनेर निर्णय गर्ला तर मन्दिरको पारदर्शिताका लागि गरगहना सरोकारवाला निकायको रोहवरमा पत्रकार सम्मेलनमार्फत सर्वाजनिक गर्दै आइएको छ ।" कालिकाको पूजा गर्न आउने भक्तजनले फूलप्रसादबाहेक सुन र चाँदीसहित अन्य धातुका गरगहना पनि चढाउने गर्छन् ।

मन्दिरमा चढाइने भेटी भने हरेक दिन र मासिक सार्वजनिक गर्ने चलन छ । हरेक दिन भेटी बेलुकी सार्वजनिक बोर्डमा लेख्ने र मासिकरुपमा पत्रकार सम्मेलन गर्ने चलन रहेको छ । यसैगरी माघ महिनामा उक्त गुठी व्यवस्थापन समितिले कूल रु १९ लाख ७२ हजार ८० आम्दानी गरेकामा रु २० लाख ३४ हजार आठ सय ६० रुपैयाँ खर्च भएको आम्दानी-खर्च विवरणमा उल्लेख छ ।

माघ महिनामा आम्दानीतर्फ भेटीबाट रु १० लाख ८९ हजार तीन सय ६५, चामलबाट रु १६ हजार पाँच सय, बोकाबाट दुई हजार, कुखुराबाट रु दुई सय, सटर भाडाबाट रु तीन लाख १४ हजार चार सय आम्दानी भएको उल्लेख गरिएको छ । यसैगरी विवाहबाट रु ११ हजार पाँच सय, आर्थिक सहयोगबाट रु ८३ हजार आठ सय ६५, परेवाबाट रु चार लाख ४५ हजार दुई सय ५० रुपैयाँ, व्रतबन्धबाट रु नौ सय, पण्डितबाट रु आठ हजार एक सय आम्दानी भएको उल्लेख छ । खर्चतर्फ तलबभत्तामा रु तीन लाख ५७ हजार नौ सय, अतिथि सत्कारमा रु नौ हजार नौ सय ६०, पूर्वाधार विकास तथा निर्माणमा रु १४ लाख १५ हजार, पूजामा रु ६२ हजार, पोसाक छपाइ तथा वितरणमा रु ३० हजार, मेसिनरी तथा उपकरण खरिदमा रु ३१ हजार, खाद्यान्न तथा आवासमा रु ४१ हजार चार सय, मर्मतसम्भारमा रु २५ हजार, विज्ञापनमा रु दुई हजार र सांस्कृतिक कार्यक्रम तथा भजनमा रु ६१ हजार छ सय खर्च भएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

# बजेट विनियोजनको पाँच वर्षपछि पुल निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ फागुन

बजेट विनियोजन हुन थालेको पाँच वर्षपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ्ग र वडा नं ५ पाउद्धार तातोपानी जोड्ने झोलुङ्गे पुल निर्माण सुरु भएको छ ।

डिजाइन (नक्साङ्कन)मा देखिएको समस्या र कूल लागत अनुमानको २० प्रतिशत बजेट व्यवस्थापन हुन नसक्दा भुरुङ्ग र पाउद्धार तातोपानी कुण्ड जोड्ने कालीगण्डकी नदीमाथि झोलुङ्गे पुल निर्माण योजनाका लागि आर्थिक वर्ष २०७५/७६ देखि नियमित बजेट विनियोजन भए पनि कार्यान्वयन भएको थिएन ।

अन्नपूर्ण-५ का वडा सदस्य पूर्णबहादुर पाइजाले प्रदेश सरकारको वार्षिक योजनामा समावेश भएर बजेट विनियोजन हुन थालेको पाँच वर्षपछि पुल निर्माण सुरु भएको जानकारी दिनुभयो । "विसं २०७६ मा निर्माणस्थल राष्ट्रिय राजमार्ग कालीगण्डकी करिडोरको क्षेत्राधिकारभित्रपर्ने भएपछिठेक्का रद्द भएको थियो", उहाँले भन्नुभयो, "विसं २०७७ देखि स्थान र डिजाइन परिवर्तन गरे पनि लागत अनुमानको २० प्रतिशत बजेट विनियोजन र स्रोत सुनिश्चितता नहुँदा पुल निर्माण अलपत्र बनेको थियो ।" पुल निर्माण भएपछि पर्यटकीयस्थल भुरुङ्ग तातोपानीबाट प्राकृतिक उपचारस्थलका रुपमा विकसित पाउद्धार तातोपानी कुण्ड पुग्नका लागि जोखिम मोलेर कालीगण्डकी नदीमा साँघु (अस्थायी काठको पुल) तर्नुपर्ने बाध्यताको अन्त्य हुने पाइजाले बताउनुभयो । नारच्याङको घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता पनि हट्ने उहाँको भनाइ थियो । कालीगण्डकी किनारमा प्राकृतिकरुपमा निस्कने तातोपानी सङ्कलन गरिएको पोखरीमा शरीर डुबाएर स्नान र उपचार गर्नेको सहजताका लागि हिउँदमा कालीगण्डकी नदीमा साघु राख्ने गरिएको छ । पाउद्धार तातोपानी कुण्ड सञ्चालनका लागि अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु २० लाख ११ हजारमा ठेक्का लगाएको थियो ।

भुरुङ्ग र पाउद्धार तातोपानी जोड्ने १२६ मिटर लामो झोलुङ्गे पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय म्याग्दीसँग सञ्जिव उज्वल जेभीले गत साउनमा ९३ लाख ५० हजार चार सय ८६ मा ठेक्का सम्झौता गरेको थियो । कार्यालयका सूचना अधिकारी अर्जुन शर्माले निर्माण व्यवसायीले दुवैतर्फ जिप रहने ठाउँ निर्माणसँगै 'स्टिल डेग' लगायतका सामग्री जुटाउने कामलाई तीव्रता दिएको बताउनुभयो । आगामी असार मसान्तभित्र पुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार पुलको लठ्ठा टिबिएसयुले उपलब्ध गराउने भएको छ ।

कूल रु एक करोड २० लाख लागत अनुमान गरिएको उक्त पुल निर्माणका लागि आर्थिक वर्ष २०७८/७९ र २०७९/०८० मा रु १२/१२ लाख बजेट विनियोजन भएको थियो । गत जेठ महिनामा गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रस्तावमा अर्थ मन्त्रालयले रु नौ लाख थप बजेट व्यवस्थापन गरेर बहुवर्षीय ठेक्का लगाउन स्वीकृति दिएपछि योजना कार्यान्वयनका लागि ठेक्का आव्हान भएको थियो । निर्माणाधीन पुलको पाउद्धारतर्फको जिप नजिकै ३३/११ केभी क्षमताको प्रसारण लाइन पर्ने भएकाले चार वटा पोल स्थानान्तरणका लागि नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरेर सर्वेक्षण गरी बजेट स्वीकृतिका लागि मन्त्रालयमा पठाइएको पूर्वाधार विकास कार्यालयका सबइञ्जिनियर रविन चोखालले बताउनुभयो । विभागीय मन्त्रालयले बजेट स्वीकृत गरेपछि विद्युत् प्राधिकरणमार्फत पोल स्थानान्तरण गरिने उहाँले बताउनुभयो । म्याग्दी क्षेत्र नं १ बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले भुरुङ्ग र पाउद्धार तातोपानी जोड्ने झोलुङ्गे पुल बनेपछि मुस्ताङ जाने-आउने पर्यटकको बसाई लम्ब्याउन, जोखिम मोलेर आवतजावत गर्नुपर्ने अवस्था हटाउन र पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो ।

# एसिसी महिला प्रिमियर कप क्रिकेटः नेपाल मलेसियासँग पराजित

**रासस**
काठमाडौं, ४ फागुन

एसिसी महिला प्रिमियर कप क्रिकेटको सेमिफाइनल खेलमा नेपाल घरेलु टोली मलेसियासँग ४ विकेटले पराजित भएको छ । जितका लागि ११६ रनको विजयी लक्ष्य पछ्याएको मलेसियाले १९ दशमलव ५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो ।

मलेसियाको जितमा एल्सा हन्टरले सर्वाधिक ६९ रनको योगदान दिइन् । उनले ५३ बलमा ६ चौकासहित ६९ रनको अविजित इनिङ खेल्दै टोलीलाई जिताएकी हुन् । त्यस्तै मास एलिसाले १३ रन जोडदा महिराह इजाती १६ र वान जुलिया ११ रनमा आउट भइन् ।

नेपालका लागि सीता रानामगर र कविता जोशीले समान दुई/दुई विकेट लिए भने रुविना क्षेत्री र कविता कुँवरले समान एक/एक विकेट लिए । त्यसअघि मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै ११५ रनको योगफल बनाएको थियो । नेपालकी कप्तान इन्दु बर्मा ३७ बलमा २ चौकासहित सर्वाधिक २९ रन बनाएकी थिइन् । डली भट्टले १४ बलमा १ चौका र २ छक्कासहित २५ रन बनाइन् । सीता रानामगरलाई ६ रनमा आउट भएकी थिइन् । कविता कुवरले ३१ बलमा २ चौकासहित २३ रन बनाइन् भने रुविना क्षेत्रीले १८ बलमा २ चौकासहित २० रन जोडीन् । मलेसियाकी महिराह इजाती इस्मालील २ विकेट लिइन् भने विनिफ्रेड दुराईसिंघमले १ विकेट लिइन् । आजै भएको अर्को सेमिफाइनल खेलमा युएईले थाइल्यान्डलाई ४ रनले हराउँदै फाइनलमा पुगेको छ । यो जितसँगै मलेसिया र युएई एसिया कपमा छनोट भएका छन् । नेपाल भने प्रतियोगिताबाट बहिरिएको छ ।

# तनहुँमा विकास बजेट खर्च १७ प्रतिशत

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ फागुन

चालु आर्थिक वर्षमा तनहुँमा विकास बजेट खर्च सन्तोषजनक नभएको पाइएको छ । साउनदेखि माघ मसान्तसम्म सात महिनाको अवधिमा विकास बजेटतर्फ १७ प्रतिशत मात्रै खर्च भएको छ ।

पुँजीगततर्फ सङ्घीय सरकारमार्फत रु तीन अर्ब ७५ करोड ८२ लाख ७६ हजार आठ सय २९ विनियोजन भएकामा रु ६३ करोड ८८ लाख ६१ हजार चार सय ९२ खर्च भएको प्रमुख कोष नियन्त्रक विनोद भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार चालुतर्फ रु आठ अर्ब ७६ करोड ३६ लाख १७ हजार ६१ विनियोजन भएकामा रु चार अर्ब ७७ करोड ४६ लाख ६८ हजार चार सय ८२ खर्च भएको छ । यो ५४.४८ प्रतिशत हो ।

प्रदेशसरकारमार्फतविनियोजित बजेटमध्ये पुँजीगततर्फ २१.६४ प्रतिशत बजेट खर्च भएको छ । माघ मसान्तसम्ममा सङ्घ भन्दा प्रदेश सरकार मातहतका कार्यालयले विकास बजेट बढी खर्च गरेका कोष नियन्त्रक भट्टराईले बताउनुभयो । पुँजीगततर्फ रु दुई अर्ब ६२ करोड ५५ लाख १३ हजार विनियोजन भएकामा रु ५६ करोड ८२ हजार ४८ लाख हजार दुई सय ६६ खर्च भएको उहाँले बताउनुभयो ।

त्यस्तै, चालुतर्फ रु ८३ करोड ६४ लाख ८९ हजार चार सय विनियोजन भएकामा रु २६ करोड ६६ लाख दुई हजार ४७ अर्थात ३१.८७ प्रतिशत बजेट खर्च भएको छ । योजना छनोट गरेर लागू गरेपछि सुरुको त्रैमासिकमा बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्न तीन महिना लगाउने र कामको गति नबढाउनेलगायत कारणले विकास बजेटको खर्च न्यून देखिएको सो कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सात महिनामा सङ्घ र प्रदेशको गरी १८ दशमलव ९१ प्रतिशत विकास अर्थात पुँजीगत बजेट खर्च भएको छ । पुँजीगत बजेट रु छ अर्ब ३८ करोड ३७ लाख ८९ हजार आठ सय २९ मा रु एक अर्ब २० करोड ७१ लाख नौ हजार सात सय ५९ खर्च भएको छ । यस्तै, चालुतर्फ ५२ दशमलव ५१ प्रतिशत खर्च भएको छ । चालुतर्फ रु नौ अर्ब ६० करोड एक लाख छ हजार चार सय ६४ खर्च भएको कोष नियन्त्रण कार्यालयले जनाएको छ । चालु आर्थिक वर्षको माघ मसान्तसम्ममा सङ्घ सरकारतर्फ रु छ अर्ब ६२ करोड ७६ लाख ६२ हजार एक सय ८८ राजस्व सङ्कलन भएको छ भने प्रदेशतर्फ रु १४ करोड ५२ लाख ३८ हजार पाँच सय ८८ राजस्व सङ्कलन भएको कोष नियन्त्रक भट्टराईले जानकारी दिनुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वस्थ्यमा सुधार | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# विविल राइज फान्डेशनका संस्थापक अध्यक्ष गुरुङ द्वारा पोखरा म्याराथनलाई ५ लाख हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

वि विल राइज फाउन्डेशनका संस्थापक अध्यक्ष एवं तेक्वान्दो ग्रान्ड मास्टर तुलसी कुमार गुरुङले पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि नगद ५ लाख सहयोग हस्तान्तरण गरेका छन् ।

नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चका आजिवन सदस्य समेत रहेका गुरुङले आफ्नो परिवारका तर्फबाट नगद २ लाख र हङकङस्थित नेपाली दाजुभाई बाट संकलित नगद ३ लाख गरी कुल ५ लाख नगद सहयोग हस्तान्तरण गरेका हुन् । गुरुङले हस्तान्तरण गरेको उक्त रकम १८ औं सस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथन अन्तर्गत प्रथम पुरस्कार राशीका लागि रहेको मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिएका छन् ।

सोही अवसरमा सहारा क्लब हङकङका अध्यक्ष दिपक गुरुङ र प्रदेश खेलकुद परिषद गण्डकीका सल्लाहकार एवं समाजसेवी सुनिल गुरुङले समेत् नगद ५-५ हजार सहयोग प्रदान गरेका छन् । सहयोग रकम हस्तान्तरण गर्दै संस्थापक अध्यक्ष गुरुङले आयोजकले अब सम्पूर्ण ध्यान



पोखरा म्याराथन सफल बनाउन तर्फ केन्द्रित गर्नु पर्ने बताए । उनले भने-“अब अन्तिम समय आइपुगेको छ । कोही रिसाउँछ की भनेर चिन्ता गर्नु पर्दैन । अब सफल रुपमा सम्पन्न गर्न यहाँहरुको ध्यान पुग्न आवश्यक छ ।” उनले पोखरालाई अब लिने मात्रै नभई दिने पनि बनाउन सक्नुपर्ने कुरा औंल्याउँदै पोखरा म्याराथनमा शुरक्षाको विषय प्रमुख रहेको बताए । नेपाललाई नै अब खेलकुदको माध्यमबाट ‘फिट’ राख्नुपर्ने कुरा औंल्याउँदै तेक्वान्दोका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक समेत रहेका गुरुङले आफूले सोही उद्धेश्य अनुरुप पोखरामा फिट नेपाल परियोजना सञ्चालन गर्ने तयारी गरिरहेको बताए । पोखरा अन्तर्राष्ट्रिय म्याराथनका लागि हङकङमा रक्ष (रक्स) गुरुङको संयोजकत्वमा तेक्वान्दोका ग्रान्ड मास्टर चौ बहादुर गुरुङले सहयोग गरेका छन् । त्यस्तै सहयोग गर्नेहरुमा गंगा गुरुङले १ लाख, अर्जुन गुरुङले ७० हजार, सुरेश गुरुङले ३० हजार, सुरज (नारायण) गुरुङले ३० हजार सहयोग गरेको अन्तर्राष्ट्रिय सम्पर्क संयोजक तेज बहादुर गुरुङले जनाएका छन् । त्यस्तै हङकङबाट सहयोग गर्नेहरुमा वुद्धि गुरुङ र सुरेन्द्र ढकालले समान हङकङ डलर १-१ हजार, दिनेश गुरुङले ७ सय, भिम गुरुङले ५ सय, रक्ष (रक्स) गुरुङले ५ सय, डम्वर कुमार गुरुङले २ सय ५१ हङकङ डलर सहयोग गरेका छन् । हङकङबाट २६ जनाले पोखरा म्याराथनलाई सहयोग गरेको संयोजक गुरुङले जानकारी दिए ।

मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले सहयोग प्रति आभार व्यक्त गर्दै विदेशमा बस्ने नेपालीहरु दाजुभाईको सहयोगले पोखरा म्याराथनलाई सहजरुपमा सञ्चालन गर्न सहयोग पुगेको बताए ।

सो अवसरमा अस्ट्रेलियाका संयोजक चन्द्र प्रकाश गुरुङले आफू पोखरा म्याराथनका लागि भनेर नै हरेक वर्ष सहभागि हुन आएको बताउँदै अर्को वर्ष भने अस्ट्रेलियन नागरिकलाई सहभागि गराउने गरी आफूले प्रयास गर्ने बताए । उनले भने-“अहिले हामीले जति सकिन्छ नेपाली दाजु भाईबाट संकलित रकम सहयोग हस्तान्तरण गरेका छौं । अर्को वर्ष आफ्नो निरन्तरता संगै अस्ट्रेसियन नागरिकहरुलाई समेत पोखरा म्याराथनमा सहभागिता गराउन प्रयास हुनेछ ।” पोखरा म्याराथनमा फुल म्याराथनमा सहभागिता जनाउन लागेका चन्द्र प्रकाश गुरुङले गैर आवाशिय नेपाली संघ अस्ट्रेलियाको नगद सहयोग १ लाख र विभिन्न साथी भाईबाट संकलित १ लाख ३७ हजार ५ सय गरी कुल २ लाख ३७ हजार ५ सय नगद सहयोग मञ्चलाई हस्तान्तरण गरिसकेको छन् ।

# गाईघाट झरना र बराह ताल जोड्न पदमार्ग निर्माण

**रासस**
बागलुङ, ४ फागुन

बागलुङका दुई पर्यटकीय क्षेत्रलाई जोड्न पदमार्ग निर्माण गर्न थालिएको छ । ताराखोला गाउँपालिका र गलकोट नगरपालिकाको सिमानामा रहेको गाईघाट झरनालाई बराह तालसँग जोड्न पदमार्ग निर्माण गर्न थालिएको हो ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट चालु आर्थिक वर्षमा विनियोजन भएको रु १० लाखले पदमार्ग निर्माण गर्न थालिएको हो । पदमार्ग निर्माणका लागि पर्यटन तथा उद्योग कार्यालय बागलुङसँग सम्झौता गरेर काम सुरु गरिएको गाईघाट झरना-बराहताल पदमार्ग निर्माण समितिका अध्यक्ष नरबहादुर घर्ती मगरले जानकारी दिनुभयो । यस वर्ष विनियोजन भएको बजेटले तालसम्म पदमार्ग पुर्‍याउन नसकिने उहाँको भनाइ छ । पक्की पदमार्ग निर्माण गर्न बढी खर्च लाग्ने हुँदा यस वर्ष करिब सात सय मिटर निर्माण हुने अध्यक्ष घर्ती मगर बताउनुहुन्छ । गाईघाट झरनादेखि करले गाउँसम्म पदमार्ग निर्माण गर्ने मगरले बताउनुभयो । उहाँले भन्नुभयो, “झरनादेखि केही माथिसम्म यसभन्दा अगाडि पदमार्ग निर्माण भएको छ, त्यहाँबाट नयाँ काम सुरु गरेका छौं, योजना बराह तालसम्म पुर्‍याउने हो, तर बजेटले पुग्दैन, माथि गाउँसम्म पुग्ने ‘स्टिमेट’ भएको छ, कामलाई तीव्रता दिन थालेका छौँ, पदमार्गमा सिमेन्ट, बालुवाको प्रयोग बढी गर्नुपर्ने हुँदा बढी खर्चिलो हुन्छ ।” ताराखोला-१ मा पर्ने झरनामा पछिल्लो समय आन्तरिक पर्यटकको भीड लाग्ने गरेको छ । झरनामा आउने पर्यटकलाई तालसम्म पुर्‍याउन पदमार्गले सहजता प्रदान गर्ने ताराखोला-१ का अध्यक्ष यामबहादुर श्रीसले बताउनुभयो । खासगरी पर्यटन प्रवर्द्धनका लागि पदमार्ग निर्माण गर्न थालिएको उहाँको भनाइ छ । गाईघाट झरनादेखि बराह ताल पाँच किलोमिटर उत्तरमा रहेको जनाउँदै तालसम्मै पदमार्ग पुर्‍याउनका लागि आगामी वर्ष प्रदेश र केन्द्र सरकारसँग सहकार्य गर्ने अध्यक्ष श्रीसले बताउनुभयो । झरनामा गाउँपालिकाले यसभन्दा अगाडि सोलार बत्ती जडान, बगैँचा व्यवस्थापन, खोलामा पुल बनाएको जनाउँदै पछिल्लो समय पर्यटकको आकर्षण पनि बढ्दै गएको उहाँको भनाइ छ । महिनामा करिब दुई हजार बढी पर्यटकले झरनाको अवलोकन गर्ने गरेको श्रीसले बताउनुभयो । सबैभन्दा बढी बिदाको दिनमा पर्यटक आउने गरेका उहाँले जानकारी दिनुभयो । झरनालाई व्यवस्थित बनाउनका लागि प्रदेशले [illegible] आवमा पदमार्ग निर्माणसहित रु १५ लाख विनियोजन गरेको उहाँले बताउनुभयो । झरनाभन्दा माथि रहेको काललाई सौन्दर्यकरण गर्नुका साथै त्यस वरपर मन्दिर निर्माणसमेत गरेको वडाध्यक्ष श्रीसको भनाइ छ । “अहिलेसम्म झरनामा आउने पर्यटक तालसम्म पुर्‍याउन सकिएको छैन, ताल धेरै टाढा पनि होइन, पाँच किलोमिटरको दूरीमा छ, पदमार्ग निर्माणपछि झरना र काललाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ की भन्ने लागेको छ”, अध्यक्ष श्रीसले भन्नुभयो, “यस वर्ष पुर्‍याउन नसके पनि आगामी वर्षमा पालिका र प्रदेश सरकारसँग सहकार्य गर्छौं, तालसम्म पदमार्ग पुर्‍याउने छौँ, पर्यटकको चाप बढ्दै गएको छ, झरनामा आएका पर्यटकलाई तालसम्म पुर्‍याउन सके गाउँका उत्पादनले मूल्य पाउने छ, रोजगार सिर्जना हुने भने अन्य अवसर सिर्जना हुने अपेक्षा लिएका छौँ ।”

# सुन्तला बेचेर कमलले कमाउनुभयो ४० लाख

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका-११ नाम्सीकोटका कमल महतले यस वर्ष सुन्तला बेचेर रु ४० लाख आम्दानी गर्नुभएको छ । वैदेशिक रोजगारीबाट फर्किएर सुन्तलाखेतीमा आबद्ध महतले सुन्तलाबाट मनग्य आम्दानी गरिरहनुभएको छ ।

विसं २०६४ बाट सुन्तला खेतीमा आबद्ध महतले सुन्तलाखेतीबाट सन्तुष्ट रहेको बताउनुभयो । महतको सुन्तला बगैँचा ३५ रोपनी क्षेत्रफलमा फैलिएको छ । त्यहाँ एक हजार पाँच सय सुन्तलाका बोट छन् । उहाँले भन्नुभयो, “रोजगारीका लागि विभिन्न देश पुगे, त्यहाँ आत्मसन्तुष्ट हुन सकिन, स्वदेशमै फर्किएर केही गर्छु भन्ने मानसिकता बनाएर आएपछि सुन्तलाखेतीमा लागेको हुँ ।”

उहाँले विसं २०७६ मा कृषि महत फार्म दर्ता गरी व्यवस्थितरुपमा सुन्तलाखेती अगाडि बढाइरहनुभएको छ । उहाँका अनुसार सुन्तला बगैँचामा एक हजार पाँच सय उत्पादन दिने तथा सात सय उत्पादन नदिने बिरुवा छन् । उत्पादित सुन्तला काठमाडौँस्थित कालीमाटीमा बिक्री हुँदै आएको छ । उहाँले यस वर्ष कालीमाटीमा प्रतिकिलो रु एक सय २० सम्म सुन्तला बिक्री गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “गत वर्ष रु ६० लाखको सुन्तला बगैँचाबाटै बिक्री भएको थियो, तर यस वर्ष उत्पादनमा ह्रास आउँदा कम आम्दानी भयो ।”

नाम्सीकोट सुन्तला पकेट क्षेत्रका रुपमा परिचित छ । महतले नाम्सकोटका करिब दुई सय घरधुरीलाई समूहमा विभाजन गरी गत वर्ष कृषि ज्ञान केन्द्र तनहुँले करिब रु ४० लाख बराबरको कार्यक्रम सहयोग गरेको जानकारी दिनुभयो । उहाँका अनुसार शुक्लागण्डकी नगरपालिकाले किसानलाई सुन्तलाखेतीका लागि ड्रम, घाँस काट्ने मेसिनलगायत सामग्री अनुदान दिएको थियो ।

उहाँले यस वर्ष रु चार करोड बराबरको सुन्तला खरिद गरी बिक्री गरेको जानकारी दिनुभयो । म्याग्दे गाउँपालिकाका किसानबाट रु एक करोड ५० लाख र शुक्लागण्डकीका अलैँचे, नाम्सीकोटलगायत टोलबाट रु दुई करोड ५० लाखको सुन्तला खरिद गरी बिक्री गरेको उहाँले बताउनुभयो । उहाँले सुन्तला बगानबाट प्रतिकिलो रु ७० देखि रु ७५ मा खरिद गरी रु एक सय २० सम्म बिक्री गर्ने गरेको सुनाउनुभयो । तनहुँमा यस वर्ष कृषकले सुन्तला बिक्री गरेर रु ३० करोड भित्र्याएका छन् ।

जिल्लामा गत वर्षको तुलनामा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । ज्ञान केन्द्रका बागवानी विकास अधिकृत वीरेन्द्र धितालले यो वर्ष करिब रु ३० करोड बराबरको सुन्तला उत्पादन भएको जानकारी दिनुभयो । जिल्लामा यस वर्ष तीन हजार सात सय ५० मेट्रिकटन सुन्तला उत्पादन भएको प्रारम्भिक अनुमान छ । कार्यालयका अनुसार गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो । उक्त अवधिमा तीन हजार छ सय २५ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ । सुन्तलाखेतीबाट मनग्य आम्दानी हुन थालेपछि कृषक यसतर्फ आकर्षित हुँदै गएका छन् । जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ । कार्यालयले सुन्तलाखेती गर्ने कृषकलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ । धितालले भन्नुभयो, “कृषकलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ ।” तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन् । सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन् । काठमाडौँका अलवा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ । यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन् ।

# गुरुङ समुदायले धान्दै लमजुङको पर्यटन

**रासस**
लमजुङ, ४ फागुन

लमजुङ गुरुङ जातिको उद्गमस्थल हो । पुर्खौंदेखि हिमाली काखमा जीवनयापन गर्दै आएका स्थानीयको आफ्नै मौलिक कला, भाषा, भेषभूषा, संस्कार र संस्कृति छन् ।

एकै ठाउँमा सँगै भएर बस्न रुचाउने गुरुङ समुदायबीच एकता पनि छ । पहिले रोदी हुँदै सामूहिक एकतामा होमिएका गाउँले पछिल्लो समय आमा समूह, बाबा समूह, युवा क्लब भएर पर्यटन पवर्द्धनमार्फत गाउँको विकासमा जुटेका छन् । क्व्होलासोथर गाउँपालिका-३ स्थित दक्षिण एशियाकै नमूना मानिएको घलेगाउँदेखि भुजुङ गाउँ लमजुङमै पर्छन् । यति मात्र नभई गुरुङ जातिको उद्‍गमस्थल क्व्होलासोथरमै पर्छ । ती गाउँबाट सुरु भएको सामूहिक एकता यतिबेला अन्य गाउँगाउँमा फैलिएको छ । समूहमार्फत सुरु भएको एकता अभियान पछिल्लो समयमा पर्यटन प्रवर्द्धनमा पनि जोडिएको छ । यसका लागि उनीहरु समिति नै स्थापना गर्दै अघि बढिरहेका छन् । मुलुकको कठिन परिस्थिति बाबजुत पनि लमजुङको घलेगाउँबाट ग्रामीण पर्यटनको सुरुआत भएको थियो । विसं २०५७ मा घलेगाउँमा पहिलो पटक महोत्सवको सुरुआत गर्दै सोही वर्षबाट अघि बढेको होमस्टे कार्यक्रम सञ्चालनमा आएको छ ।

घलेगाउँबाट सुरु भएको लमजुङको ग्रामीण पर्यटनको अवधारणा पछिल्लो समयमा अन्य समुदायका गाउँमा समेत फैलिएको छ । घलेगाउँसहित भुजुङ, सिउरुङ, पसगाउँ, घनपोखरा, खासुर, राइनासकोट, काउलेपानी, इलामपोखरी, नाल्मा, छापामिम्प्रा, भुस्मे, घेर्मुलगायतका गाउँमा ग्रामीण पर्यटन विस्तार भएको छ । ती गाउँका स्थानीय पर्यटन समिति गठन गरेर आफ्नो गाउँमा पर्यटक तान्न जुर्मुराएका छन् । विषेश गरी लमजुङ, डा हर्क पिक, मनास्लु हिमाललाई छर्लङ्ग देख्न तथा नियाल्न सकिने ठाउँ रहेकाले त्यहाँबाट मर्स्याङ्दी मिदिम, खुदीलगायतका नदीनाला पनि देखिन्छ । विश्वप्रख्यात चक्रिय अन्नपूर्ण पदमार्गको प्रवेशद्वारमा पर्ने लमजुङका सबै गुरुङ गाउँ पर्यटकीय गन्तव्यका रुपमा विकास भइसकेका छन् । ग्रामीण पर्यटनको अवधारणा पनि गुरुङहरुबाटै सुरु भएको हो । घलेगाउँ सार्क राष्ट्रकै नमूना गाउँका रुपमा प्रख्यात छ । जुन समुद्री सतहदेखि दुई हजार एक सय मिटर उचाइमा अवस्थित छ ।

घलेगाउँमा एक सय २५ घरधुरी छन् । उनीहरुले विसं २०५६ मा ग्रामीण पर्यटनको अवधारण भित्र्याएर विसं २०५७ बाट महोत्सव मनाउन सुरु गरेका हुन् । जिल्लाकै सबैभन्दा धेरै पर्यटक आउने यहाँ विदेशी तथा आन्तरिक पर्यटकको चाप छ । ग्रामीण पर्यटनबाटै स्थानीयले वार्षिक लाखौँ कमाउने गरेको घलेगाउँ ग्रामीण पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेले बताउनुभयो । उहाँले भन्नुभयो, “पर्यटन क्षेत्रबाट राम्रो आम्दानी हुँदा घलेगाउँको स्वरुपसमेत बदलिएको छ । घलेगाउँमा यतिबेला ४४ घरमा घरबास (होमस्टे) सेवा सञ्चालन छ ।

पर्यटन व्यवसाय विस्तारै सफल बन्दै गएपछि केही विदेशीका युवासमेत गाउँमै फर्किएका पर्यटन व्यवसायमा लागेका छन् । यहाँ सुरुवातदेखि हालसम्म वर्षेनी जस्तै महोत्सव समेत हुँदै आएको छ । घलेगाउँ गुरुङ चलचित्रको छायाँकनस्थल समेत बनेको छ । घलेगाउँ सुखी गाउँसमेत घोषणा भइसकेको छ । त्यस्तै, क्व्होलासोथर गाउँपालिका-४ भुजुङ गाउँमा करिब पाँच सय घरधुरी गुचमुच्च भएर रहेका छन् । भुजुङ गाउँमा विसं २०६४ बाट घरबास सञ्चालनमा आएको हो । अहिले ३२ घरवास सञ्चालनमा छन् । त्यस्तै केही होटलसमेत सञ्चालनमा छन् । पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ समय समयमा यहाँ मेला तथा महोत्सव हुँदै आएका छन् । महोत्सव र पर्वले यहाँको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्दै आएको छ । भुजुङ गाउँबाट छिमेकी जिल्ला कास्कीका गुरुङ गाउँ सिक्लेस तथा ताङतिङ पनि जान सकिन्छ । यस्तै, मर्स्याङ्दी गाउँपालिका-३ सिउरुङ गाउँ मनास्लु हिमालको काखमा अवस्थित छ । यहाँबाट मर्स्याङ्दी नदीको नागबेली देख्न सकिन्छ । समुद्री सतहदेखि एक हजार छ सय ८० मिटर उचाइमा रहेको भुजुङमा आमा समूह, बाबा समूहलगायत स्थानीय निकै सक्रिय छन् । पर्यटन प्रवर्द्धनका लागि विसं २०६२ यता महोत्सव गर्दै आएको छ । यस गाउँ पनि घरवास कार्यक्रम सञ्चालनमा छ । त्यस्तै, सिउरुङ नजिकै राष्ट्रिय विभूति भक्ति थापाले बालापनमा गाईबस्तु चराएको हर्षिङडाँडा पछिल्लो समयमा पर्यटकीय गन्तव्य बन्दै गएको छ । घनपोखा गाउँ, खासुर गाउँमा समेत ग्रामीण पर्यटन प्रवर्द्धनको अवधारणा भित्रिएको छ । त्यस्तै, ग्रामीण पर्यटनले चिनिएको गाउँ हो, पसगाउँ । गुरुङ समुदायको बाहुल्यता रहेको यहाँ ग्रामीण पर्यटनको विस्तार गर्ने उद्देश्यले विसं २०६० मा पहिलो पटक महोत्सव आयोजना गरिएको थियो । क्व्होलासोथर गाउँपालिका अध्यक्ष तथा पसगाउँ सामूहिक होमस्टे समितिको नवनिर्वाचित अध्यक्ष सूर्यप्रसाद गुरुङ लमजुङमा ग्रामीण पर्यटन अवधारण भित्र्याउन गुरुङ समुदायको ठूलो भूमिका रहेको र त्यसमाथि सबैभन्दा बढी क्व्होलासोथर गाउँपालिकाका स्थानीयको योगदान रहेको बताउनुभयो । ग्रामीण पर्यटनमा सबैभन्दा बढी होमस्टे रहेको र यसबाट समृद्धि हासिल गर्न सकिने उहाँको भनाइ छ ।

पालिकाले पर्यटक आकर्षित गर्न पर्यटन पूर्वाधार पार्क, संरचना निर्माणदेखि पर्यटकको बसाइ लम्ब्याउने विषयमा ध्यान केन्द्रित गरेको छ । हाल पसगाउँमा २१ घरमा होमस्टे सञ्चालन छ । कृष्णचरित्र नृत्य, झ्याउरे नाच, सारङ्गी नृत्य, घाटुजस्ता लोपोन्मुख नृत्यका लागि पसगाउँ परिचित छ । लमजुङको पर्यटकीय ठाउँमा विस्तारै पर्यटन पूर्वाधारको विकास भइरहेको छ । विषेश गरी प्राकृतिको छटा र स्थानीयको कला संस्कार संस्कृति हेर्न पर्यटक आउने गरेका छन् । पर्यटक आउँदा ग्रामीण पर्यटनको प्रवर्द्धन हुनुका साथै स्थानीयको जीवनस्तरसमेत उकासिएको छ ।

# मुक्तिनाथ केबलकार : पर्वत, बागलुङ र म्याग्दीको पर्यटनलाई असर नगर्ने

**पोखरापत्र संवाददाता**
पर्वत, ४ फागुन

जिल्लाको मोदी गाउँपालिका-१ सेराबेंसीदेखि मुस्ताङको प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ जोड्ने केबलकार निर्माण प्रक्रिया अघि बढेको छ ।

विश्वकै लामो बहुचर्चित मुक्तिनाथ केबलकारले पर्वत, बागलुङ र म्याग्दीको पर्यटन व्यवसायमा भने असर नगर्ने आयोजनाको दाबी छ । मुक्तिनाथ केबलकार प्रालिका अध्यक्ष अरुणकुमार सुवेदीले यो केबलकार निर्माणपछि यस क्षेत्रको पर्यटन व्यवसाय वृद्धि हुने बताउनुभयो । मुक्तिनाथ जाने पर्यटक पर्वत र कास्कीको सिमानास्थित सेराबेंसीबाट चढे पनि कुश्मा, बागलुङ र म्याग्दी क्षेत्रले पनि भरपुर लाभ लिनसक्ने उहाँको दाबी छ । “मुक्तिनाथ जाने पर्यटक पोखराबाट मात्रै आउँदैनन्, कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग छदैछ, अर्को बलेवा विमानस्थलमा भैरहवाबाट पर्यटक झर्ने सम्भावना हुन्छ”, उहाँले भन्नुभयो, “ती पर्यटक कहाँ कुश्मा, बागलुङ र बेनीमा बस्छन् ।” केबलकार कम्तीमा पनि दैनिक १० हजार जना आवतजावत गर्ने क्षमताको रहेको र त्यसमा मुक्तिनाथको यात्रा गराउने कम्पनीले पर्वतको गुप्तेश्वर तथा अल्पेश्वर गुफा, बागलुङको कालिका मन्दिर, पञ्चकोट, म्याग्दीको गलेश्वर मन्दिरमा प्याकेज बनाएर पुर्‍याउने व्यवस्था हुने भएका कारण पनि यस क्षेत्रले प्रचुर फाइदा लिनसक्ने सुवेदीको भनाइ छ ।

अध्यक्ष सुवेदीले लगानीको स्रोत सुनिश्चित भइसके पनि सरकारी प्रक्रियाको ढिलाइले निर्माणको काम पछि धकेलिएको बताउनुभयो । २० प्रतिशत स्वदेशी र ८० प्रतिशत भारतको के एण्ड आर इञ्जिनियरिङ लिमिटेडले केबलकार निर्माणका साथै लगानीसमेत गर्नेगरी सुनिश्चित भए पनि नेपालका कानुनी प्रक्रियाले प्रक्रिया पूरा गर्न काम गरिरहेको उहाँले बताउनुभयो । सुवेदीका अनुसार विश्वकै लामो मुक्तिनाथ केबलकार इञ्जिनियरिङ प्रक्युमेन्ट कन्ट्र्याक्ट र लगानी (इपिसिएफ) मोडलमा केबलकार बनाउन लागिएको हो । “इञ्जिनियरिङ प्रक्युमेन्ट कन्ट्र्याक्ट र लगानी (इपिसिएफ) मोडलमा केबलकार बनाउने प्रारम्भिक सम्झौता गरिसकेका छौँ”, उहाँले भन्नुभयो, “लागत अनुमानको लगानी सुनिश्चित भइसकेको छ ।” उहाँले इपिसिएफ मोडेलबाट बन्न लागेको केबलकार नेपालकै पहिलो ठूलो परियोजना भएको जनाउँदै ८० किलोमिटर लामो केबलकार बनाउन रु ५५ अर्ब लागत अनुमान गरिएको बताउनुभयो । समझदारीअनुसार कूल लागतको ८० प्रतिशत अर्थात् रु ४४ अर्ब के एण्ड आर इञ्जिनियरिङ भारतले लगानी गर्नेछ । आयोजनाको वातावरणीय मूल्याङ्कन प्रतिवेदन पास हुन र सरकारसँग आयोजना विकास सम्झौता गर्न भने अझै बाँकी रहेको छ । चार धाममध्ये दर्शनका लागि मुक्तिनाथ पुग्नैपर्ने धार्मिक मान्यताअनुसार मुक्तिनाथ जाने धार्मिक पर्यटकको उपस्थिति बढ्ने उहाँको भनाइ छ ।